ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-९ ❑ अङ्क-४२, २०७४ चैत ३ गते, शनिबार (March.17, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या: ६




**दोस्रो सप्तरी महोत्सव शुरू**

पृष्ठ ५ मा

# प्रदेश नं. २: दुई लाख बालबालिका विद्यालय बाहिर

■ **कल्पना भट्टराई**

सरकारले सातवटै प्रदेशका अस्थायी मुकाम (राजधानी) तोकेलगत्तै प्रदेश-२ का प्रमुख दुई शहरमा ठीक विपरीत दृश्य देखापरे । जनकपुरमा हर्षोल्लासको माहोल देखापऱ्यो भने वीरगञ्जमा चाहिं विरोधको स्वर गुञ्जियो । कारण जनकपुरलाई प्रदेश-२ को अस्थायी राजधानी तोकिएको थियो, आफूलाई राजधानीको दाबेदार वीरगञ्ज सरकारको निर्णयबाट क्रूद्ध थियो ।

प्रदेश राजधानीका निम्ति आफूलाई योग्य ठान्ने यी दुवै शहरसँग आफ्नै वैभव होलान् । तर, एउटा आँकडा भने यी दुवै शहरलाई लज्जित तुल्याउने खालको छ । प्रदेश सदरमुकाम बन्न प्रयत्नरत धनुषाको जनकपुर होस् वा पर्साको वीरगञ्ज यी दुवै शहरसँग यो प्रदेशका सबभन्दा धेरै बालबालिका विद्यालय जान वञ्चित रहेको 'अँध्यारो पक्ष' जोडिएको छ ।



शिक्षा मन्त्रालयको आँकडाले भन्छ, प्रदेश-२ मा विद्यालय जान वञ्चित बालबालिकाको संख्या केलाउँदा धनुषा र पर्सा क्रमशः पहिलो र दोस्रो नम्बरमा आउँछन् । धनुषामा २७ हजार २९७ र पर्सामा २७ हजार १०५ बालबालिका विद्यालय बाहिर छन् । त्यसपछि क्रमशः बारा, सर्लाही, रौतहट, सिरहा, सप्तरी र महोत्तरी जिल्ला आउँछन् ।

शिक्षा मन्त्रालयले एक वर्षअघि गरेको सर्वेक्षणको नतिजा अनुसार प्रदेश-२ का आठ जिल्लामा १ लाख ९१ हजार २२१ बालबालिका विद्यालयभन्दा बाहिरै छन् । जसमध्ये बालिकाको संख्या बालकको तुलनामा धेरै छ । मुलुकका अरू ६ वटा प्रदेशसँग तुलना गर्दा पनि प्रदेश-२ को यो तथ्याङ्क सबभन्दा धेरै हो । संविधानले शिक्षालाई 'अनिवार्य' र 'निःशुल्क' भनेको छ । तर प्रदेश-२ का जिल्लाहरूमै धेरै बालबालिका विद्यालय बाहिर छन् । यसको कारण के होला ? हामीले त्यसका केही पक्ष खोतलेका छौं ।

**ढोका थुन्ने गरीबी**

यस टोलका ४० परिवार मुसहरका बालबालिका विद्यालय किन जाँदैनन् ? यहाँ पुग्ने जो कोहीले आफैं जवाफ पाउँछ । दुई महीनाअघिको कुरा हो, महोत्तरी सदरमुकाम जलेश्वर नगरपालिका-३, खैराटोलमा पुग्दा ९ वर्षीया राधा सदा जूठाभाँडा माझ्दै थिइन् भने ११ वर्षीया सञ्जिला सदा घरको काम सकेर भाइबहिनी हेरेर बसेकी थिइन् । जेठी छोरी सञ्जिलाले आमाबुबा ज्याला-मजदूरीको काम खोज्न गएपछि घरको सबै काम हेर्नुपर्छ । बहिनी राधाले उनलाई सघाउँछिन् ।

खैराटोलकै १० वर्षीया अनु सदा पनि बहिनी र भाइको हेरविचारसँगै खाना पकाउने, भाँडा माझ्ने र घर सरसफाइ गर्ने काममा व्यस्त भेटिइन् । १५ वर्षीया ललिता सदा खेतमा धान काट्दै थिइन् । खैराटोलका सबैजसो मुसहर बालबालिकाको दिन प्रायः यसैगरी बित्छ । कलिला यी बालबालिका सबै किसिमका काम गर्छन् । चौध-पन्ध्र वर्षका बालबालिका समेत आमाबुबासँगै मजदूरीको काममा भेटिन्छन् ।

१४ वर्षीय गोकुल सदा त्यसकै उदाहरण हुन् । पढ्ने रहर भए पनि अहिलेसम्म विद्यालय टेक्न नपाएका गोकुल भन्छन्, ँबाबाको कमाइले मात्र घरको खर्च चल्दैन, म पनि काम गर्न जान्छु ।' गोकुलका दिदी, दाजु र भाइ कसैले पढ्न पाएका छैनन् । दिदीको बिहे भइसक्यो, दाजु भारतमा काम गर्छन् र १२ वर्षीय भाइ पनि उनीसँगै काम गर्छन् ।

१२ वर्षीया कलावती सदाको कथा पनि उस्तै छ । आमाबुबा मजदूरी गर्न जान्छन्, उनी घरको काम सम्हाल्छिन् । ११ वर्षीय अनिल सदा ५ कक्षामा पढ्छन्, उनकी दिदी र बहिनीले भने विद्यालय टेक्न पाएका छैनन् । गाउँको अवस्था सुनाउँदै खैराटोलका विशेश्वर सदाले भने, ँ१२ वर्षकै उमेरदेखि यहाँका बालबालिका अरूको खेतमा काम गर्न जान्छन् ।'

गैरसरकारी संस्था समाज विकास केन्द्रका अनुसार, खैराटोलमा विद्यालय जाने उमेरका ९५ बालबालिका छन् । तीमध्ये ३० जनाको नाम लेखाइए पनि उनीहरू नियमित विद्यालय जाँदैनन् । ६५ जनाले विद्यालय टेक्कै छैनन् । ४०

बाँकी चार पृष्ठमा

# पूर्व खेलाडीको पहलमा कभर्ड हल निर्माण

राजविराज / राष्ट्रिय प्रतियोगितामा सहभागी भएका पूर्व खेलाडीहरुको पहलमा चन्दा तथा सहयोग संकलन गरेर राजविराजमा कभर्ड हल निर्माण गरिएको छ।

खेलकुद विकास समिति स्थापनाको ५६ वर्षपछि कभर्ड हल निर्माण भएको हो । राजविराज नगरपालिकाको वडा नं. ८ मा रहेको १४ धुर जग्गामा ७० फिट लम्बाई, ५० फिट चौडाइ र ३५ फिट उचाइको कभर्ड हल निर्माण गरिएको छ ।

करिब ५० लाख रुपैयाँको लागतमा निर्मित हलको निर्माण कार्य अन्तिम चरणमा रहेको निर्माण समितिका संयोजक सचेन्द्रप्रसाद यादवले बताए ।

ब्याटमिन्टन, भारत्तोलन, जुडो, कम्फुलगायतका प्रतियोगिता सञ्चालनका लागि हलको अभाव खड्किएको र त्यसका लागि पटक-पटक पहल गर्दा पनि सरकारी निकायले बेवास्ता गरेपछि चन्दा र सहयोग मार्फत निर्माण थालिएको उनले बताए ।

'खेलकुद विकास समितिको हल अत्यन्तै सानो छ,' उनले भने, 'औपचारिक कार्यक्रम बाहेक खेलकुद प्रतियोगिता सञ्चालन गर्न नमिल्ने भएपछि विकल्प खोजिएको हो ।'

राजविराजस्थित हिमालय क्लबको गत वैसाखमा सम्पन्न बैठकले कभर्ड हल निर्माणको प्रस्ताव पास गरेको थियो। सोही बैठकमा आपसमै ७ लाख रुपैयाँ संकलन गरी काम सुरु गरिएको थियो ।

जसमा अध्यक्ष अरुणकुमार प्रधान तथा खेलाडीहरु सचेन्द्र यादव, शंकर दास, महेश लुइँटेल लगायतले १-१ लाख रुपैयाँ सहयोग उपलब्ध गराएका थिए ।

काम सुरु गरेपछि अन्य खेलाडी, समाजसेवी तथा विभिन्न उद्योगले पनि रकम सहयोग गर्नाले यति ठूलो लागतमा हल निर्माण सम्भव भएको संयोजक यादव बताउँछन्। 'अधिकांश काम हामी आफैंले सम्पन्न गरेका छौं,' उनले भने, 'अन्तिम चरणमा रकम अभाव होलाजस्तो देखिएको छ ।'

सामान किनेको तिर्न बाँकी १० लाख र फिनिसिङका लागि १० लाख गरी करिब २० लाख रुपैयाँ अपुग भएकाले विभिन्न निकायमा सहयोगका लागि आग्रह गरिएको पनि उनले बताए। यादवका अनुसार पूर्व सांसदहरु उमेशकुमार यादव, सकलदेव सुतिहार र लक्ष्मी चौधरीले कभर्ड हल बनाउन संसदीय विकास कोषबाट रकम सहयोग गर्ने प्रतिबद्धता जनाए पनि सर्वोच्च अदालतको निर्णयले उक्त रकम रोकिएको थियो ।


# सूचना

फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी वढी आउने समय हो । आगो वाल्दा सुरक्षित ठाउमा मात्र वाल्ने, सलाई, लाइटर, मट्टितेल आदि ज्वलनशिल वस्तु केटाकेटीले भेट्ने ठाउमा नराख्ने । केटाकेटीलाई जथाभावी आगो वाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई बुझाई गर्ने र यस्ता कुराहरुवाट सजग रहन जनचेतना वढाउने कार्यमा सहयोग गरौ ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग



## श्रमिक....

विद्यालयबाट १०० मिटर टाढा मात्र छ, कुवा गाउँ । सुमित्रा पण्डित यही विद्यालयकी ५ कक्षाकी विद्यार्थी हुन् । तर, विद्यालय चलिरहेका बेला उनी घरमा भेटिइन् । कारण सोध्दा उनले भनिन्, "राम्रो पढाइ हुँदैन, त्यसैले नगएको ।स्थानीय वीरेन्द्र नायक भन्छन्, "शिक्षक समयमा आउँदैनन्, आएकाले पनि राम्रोसँग पढाउँदैनन्, त्यसैले कोही विद्यालय जान मान्दैनन् ।"प्रधानाध्यापक रामअवतार यादवले नियमित पढाइ नहुने कुरा स्वीकार नगरे पनि धेरै विद्यार्थी नियमित नरहेको चाहिं स्वीकार गरे । प्रावि तहमा आधाजसो विद्यार्थी मात्र उपस्थित हुन्छन् भने सिजनल कामका बेला धेरैजसो विद्यार्थी पढ्न आउँदैनन् । प्रधानाध्यापक यादवका अनुसार ८०० विद्यार्थी पढ्ने यो विद्यालयका २० प्रतिशत विद्यार्थीले बीचमै पढाइ छाड्छन्, जसमा छात्राको संख्या बढी छ । "धेरैजसोको ९/१० कक्षा पुगेपछि बिहे हुन्छ" उनले भने, "छात्राले पढाइ छाड्ने एउटा प्रमुख कारण बालविवाह हो भने छात्रहरू चाहिं वैदेशिक रोजगारमा जानलाई पढाइ छाड्छन् ।

महोत्तरी सदरमुकाम जलेश्वरको लक्ष्मीचन्द्र मुरारीका उच्च माविमा कक्षा १ देखि ८ सम्म ७०० र मावि तहमा ४३० विद्यार्थी छन् । प्रधानाध्यापक सञ्जीव झाका अनुसार, यस वर्ष अन्य विद्यालयबाट भर्ना हुन आएका करीब १०० विद्यार्थीलाई फिर्ता गरियो । तर, यो विद्यालयमा पनि प्रावि तहका १५ प्रतिशत विद्यार्थी नियमित विद्यालय आउँदैनन् । प्रधानाध्यापक झाका अनुसार, भर्ना भएकामध्ये १० प्रतिशत विद्यार्थीले बीचमै पढाइ छाड्छन् ।

शिक्षा मन्त्रालयका अनुसार, महोत्तरीमा विद्यालयबाहिर रहेका बालबालिका १८ हजार ४५ जना छन् । मन्त्रालयका भनाइमा, उनीहरूलाई विद्यालयमा भर्ना गराउन ५० वटा गैरसरकारी संस्थाले काम गरिरहेका छन् । तर अहिलेसम्म यो अभियानबाट दुई हजार बालबालिका भर्ना गरियो तर उनीहरू पनि विद्यालयमा नियमित छैनन् ।

जिल्ला शिक्षा अधिकारी ठूलोबाबु दाहाल भन्छन्, 'बालबालिकालाई विद्यालयमा ल्याउने प्रयास गरिरहेका छौं । अर्को शैक्षिक सत्रमा पाँच हजार बालबालिका विद्यालय भर्ना गराउने लक्ष्य छ । जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत रोजेश्वर झा बालबालिका विद्यालय नजानुमा तत्कालको निर्वाहमुखी आर्थिक बाध्यता मुख्य कारण रहेको बताउँछन् ।"पढेर पैसा कमाउन समय लाग्छ, काममा गए तुरुन्तै पैसा पाइन्छ' उनी भन्छन्-"त्यसैले यहाँका विद्यार्थी मात्रै होइन अभिभावक पनि आफ्ना छोराछोरीलाई विद्यालय भन्दा काममा पठाउन चाहन्छन्'। महोत्तरीमा ३१२ सामुदायिक विद्यालय, ९२ निजी विद्यालय, ५४६ बाल विकास केन्द्र र ९० वटा मदरसा छन् ।

नेपालमा अझै पढ्ने उमेरका १० लाख बालबालिका स्कूल जाने नगरेको शिक्षा मन्त्रालयले तयार पारेको एक प्रतिवेदनले देखाएको छ । २०७३ मा सार्वजनिक गरिएको उक्त प्रतिवेदनका अनुसार विद्यालय नजाने मात्र नभई बीचैमा पढाइ छाड्नेहरूको संख्या पनि निकै धेरै छ ।

राष्ट्रसंघीय निकाय र नेपाल सरकारले संयुक्त रूपमा तयार पारेको 'सबै बालबालिका' शीर्षकको उक्त प्रतिवेदनका अनुसार नेपालको कुल जनसंख्याको झन्डै चार प्रतिशत बालबालिका स्कूल जाँदैनन् । उक्त संख्या दश लाखको हाराहारीमा रहेको अनुमान छ ।

ति ठूलो संख्यामा बालबालिका किन विद्यालय बाहिर छन् ? शिक्षा मन्त्रालयको अनुगमन तथा मूल्यांकन शाखाका सहसचिव आनन्द पौडेल भन्छन्, "पहिलो, अभिभावकमा सचेतनाको कमी, दोस्रो पैसा र तेस्रोमा विद्यालयको वातावरण राम्रो हुन नसक्नु । त्यसपछिको कारण हो, सामाजिक परिवेश ।

**रु.७ करोडको उपलब्धि**

७ हजार २९७ बालबालिका विद्यालयबाहिरै रहेको धनुषामा उनीहरूलाई विद्यालयमा ल्याउन र टिकाउन युनिसेफ र अन्य गैरसरकारी संस्थाले पछिल्लो तीन वर्षमा रु.१ करोड ८० लाख रुपैयाँ खर्च गरेका छन् । यो अभियानमा जिल्ला शिक्षा कार्यालयले समेत वार्षिक रु.५ लाख खर्च गर्छ ।

उप जिल्ला शिक्षा अधिकारी दानीकान्त झाका अनुसार, मुसहर, डोम र विन समुदायका बालबालिकालाई सानैदेखि काममा लगाइने हुँदा उनीहरूको भर्ना चुनौतीपूर्ण छ । उनका भनाइमा यो समुदायका बालबालिकालाई विद्यालयमा ल्याउनभन्दा टिकाउन र नियमित गराउन समस्या छ ।

झाका भनाइमा, यहाँ प्राविमा औसतमा ७० प्रतिशत बालबालिका उपस्थित हुन्छन् भने निमावि र माविमा क्रमशः ५० र २० प्रतिशत मात्र । पढेर काम नपाउने बुझाइका कारण धेरैजसो अभिभावकले उमेर बढाएर छोराहरूलाई वैदेशिक रोजगारमा पठाउने गर्छन् ।

२२ हजार ८९५ बालबालिका विद्यालयबाहिर रहेको सिरहामा जिल्ला शिक्षा कार्यालयले विद्यालय भर्ना अभियान चलाउन र भर्ना हुनेलाई विद्यालयमा टिकाउन रु.६६ लाख बजेटका विभिन्न कार्यक्रम चलाएको छ । यसको उपलब्धिका रूपमा कार्यलयले १० हजार ६०१ बालबालिकालाई विद्यालय भर्ना गरिएको अभिलेखमा देखाउँछ । तर यसमध्ये ठूलो संख्या विद्यालयमा नियमित छैन ।

विद्यालयबाहिर रहेका बालबालिकाका लागि २८ जिल्लामा यस्तो अभियान चलाइएको छ । शिक्षा विभागमार्फत सञ्चालन हुने यो अभियानको कार्यविधि अनुसार यो बजेट जिल्ला शिक्षा कार्यालय मातहतका सिकाइ अध्ययन केन्द्रमार्फत खर्च गर्नुपर्छ । तर केही जिल्ला शिक्षा कार्यालयहरूले कार्यविधि विपरीत गैरसरकारी संस्थाहरूलाई बजेट वितरण गरेको पनि देखिएको छ । प्रदेश-२ का आठ वटै जिल्लामा यो अभियान सञ्चालनमा छ । चालू शैक्षिक सत्रमा यीसहित १५ जिल्लामा अभियान सञ्चालनका लागि रु.७ करोड १८ लाख २७ हजार खर्च गरिदैछ ।

*खोज पत्रकारिता केन्द्रका लागि तयार पारिएको रिपोर्ट*













**प्रमुख सल्लाहकार:** डा.महेन्द्र विष्ट, **सल्लाहकार:** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक** खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण काकी, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान* *कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३९१६७२१* Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रण:** लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY

सम्पादकीय....................

## महिलाहरूको क्षमता अभिबृद्धि आवश्यक

महिलालाई संवैधानिक व्यवस्थाअनुसार आरक्षण दिइए पनि महिला ती पदका लागि कतिको सक्षमताका लागि प्रश्न उब्जीने गरेको छ । महिला सशक्तिकरणका लागि नीति कार्यक्रमहरु बनेपनि त्यसको कार्यान्वयनमा फितलो देखिएको छ । महिलालाई आरक्षण दिनु मात्र महिला नेर्तत्व तहमा पुग्न सक्दैनन् । उनीहरुका लागि समान अवसर, शिक्षा र क्षमता अभिवृद्धिका लागि सरकारले उचित ध्यान दिनु पहिलो प्राथमिकता पर्नु पर्दछ ।

प्रत्येक वर्ष ८ मार्चका दिन जब अन्तर्राष्ट्रिय नारी दिवस विश्वभर सिर्जनात्मक र रचनात्मक कार्यक्रमसहित मनाइन्छ, तब मधेशकी महिलाको अनुसार हेर्दा उ भित्र असीमित पीडाको भाव झल्किन्छ । उनीहरु एक दिनसमेत आफ्नो काम बाट छुट्कारा पाउदैनन् । पुरुषवादी नेताहरु महिलाको नाममा चकृ भाषण गरिरहदा मधेशकी महिलाको शरिरबाट तरर पसिना आइरहेको अवस्था रहनु विडम्बना हो ।

पहाड र हिमालकी महिलाभन्दा मधेशकी महिलाको सामाजिक परिवेश नितान्त भिन्न छ । उनीहरू आफ्नै घर र समाजभित्र कैद हुनु परेको छ । उनीहरू वर्षौंदेखि अन्याय, अत्याचार, शोषण र दमनमा पिल्सिएकी छन् । शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, अवसमा सहभागिता छैन । अव पनि राज्य उनीहरुको समस्यामा गम्भीर नहुने हो भने महिलाको अधिकार नारामा मात्र सिमित हुनेमा दुई मत छेन् ।

मधेशी समाजमा देशको कानूनभन्दा धार्मिक, संस्कृतिक, रीतिरिवाज र परम्परा रुपी कानून हावी छ । त्यो सामाजिक परिधिलाई चिर्न मधेशी महिलाका लागि सहज छैन । परिस्थिति जहिले पनि उनीहरू विरूद्ध हुन्छ । राजनीति वा घर बाहिरका गतिविधिमा मधेशी महिलाको प्रवेश सहज छैन । बाहिर जसरी प्रचार भईरहेको छ , त्या `भन्दा मधेसी महिलाको समस्या निरनतर रहेको छ । अव राज्यले उनीहरुको सुनुवाई गर्नु पर्दछ ।

# मधेशी दलहरुमा सत्ताको उन्माद !

❐ रामसुकुल मण्डल

मधेशकेन्द्रित दलहरु लामो आन्दोलन गर्दै चुनावमा भाग लिए, केपी ओलीको सरकारलाई विश्वासको मत दिए र अहिले सत्तायात्राको तयारीमा लागेका छन् । लामो समयदेखि सत्ताबाहिर रहेका दलहरु यतिबेला सरकारमा जाने चर्चाले सामाजिक सञ्जालदेखि मिडियाहरुमा पनि राम्रै स्थान पाएको छ । आम जनमानसमा एउटा प्रश्न उब्जिएको हो कि मधेशकेन्द्रित दलहरु मुद्दा विसर्जन र सत्ता समर्पणको बाटोमा त लागेका छैनन् ?

स्थानीय तहको तेस्रो चरणको निर्वाचनसम्म पनि मधेशी दलले चुनावमा भाग लिन्छन्, लिंदैनन् भन्ने शंका थियो । अन्ततः संविधान निर्माणमै असहमत उनीहरू निर्वाचनमा सहभागी भए । प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा असन्तुष्ट दलले भाग लिनुको अर्थ संविधानको स्वीकारोक्ति नै हो । यसलाई संविधान जारी गर्दा नेतृत्व गरेका कांग्रेस, एमालेलगायतका दलहरूले सकारात्मक रूपमा लिनुपर्ने जरूरी छ । लोकतन्त्र पक्षधर पार्टीले आफ्नो हारजितभन्दा निर्वाचन विरोधी शक्तिले पनि चुनावमा भाग लिएकोमा त्यसलाई साकार पार्ने तर्फ लाग्नु पर्ने जरूरी छ ।

यो सही हो ६ मधेशी दलहरू एकीकृत भएर बनेको राजपाको आगमनपछि मधेशको मुद्दा सबल बनेको छ । किनभने राजपाको गठन पछि ठूला दलहरूले पनि संविधान संशोधनको विषयलाई महत्व दिन थालेको छ । संविधान संशोधनमा अडकिएको राजनीति यसको सुरक्षित अवतरण नभएसम्म यो मुद्दा जिवितै रहन्छ । मधेशी दलहरू सबै प्रकारको चुनावमा भाग लिदैमा संविधानको दायरा बढेको र यसको पूर्ण स्वीकारोक्ति भएको भ्रममा ठूला दल बस्नु हुँदैन । यसर्थ, अब मधेशी दलहरू खासगरी राजपा र संघीय फोरमले आफ्नो मुद्दालाई बचाइ राख्न सरकारसँग सम्झौतापरस्त नभइ बुँदागत रूपमा छलफललाई केन्द्रित गरी अगाडि बढाउनु पर्छ तर, यसको अर्थ मधेशको सामाजिक विषयलाई तिलाञ्जली दिनु होइन ।

यो निर्वाचनबाट आएको मतादेशलाई पनि अवसरको रूपमा सदुपयोग गर्दै मधेशको आर्थिक(सामाजिक पक्ष तर्फ पनि उनीहरू केन्द्रित हुनु पर्छ । मधेशको नाममा राजनीति त गरिन्छ तर मधेशको विकासमा ध्यान कसैको गएको छैन । मुलुक संघीयतामा गइसकेको छ भने स्थानीय तहको संरचना पनि बनिसकेको छ । प्रतिनिधि र प्रदेशसभाको लागि पनि मधेशी जनताले मत खसाली सकेका छन् । चुनावमा भोट माग्न आ( आफ्नो क्षेत्रमा पुगेका सबै उम्मेदवारहरूले अबको दिनमा आफ्नो क्षेत्रको विकासमा गर्ने कसम खाएका छन् । मतदातालाई आश्वासनभन्दा पनि परिणाम चाहिएको छ । मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा मत लिनका लागि मात्र प्रयोग नगरी विकासको एजेन्डालाई प्राथमिकतमा राख्नुपर्छ ।

२०७२ असोज ३ गते जारी भएको संविधानलाई सर्वस्वीकार्य बनाउन गरिएको संशोधनको असफल प्रयासका बाबजुद प्रमुख मधेशी दल तीनवटै निर्वाचनमा भाग लिएर आंशिक रूपमा संविधान स्वीकार गरेका छन् ।

संविधानमा उल्लेखित प्रदेशको सीमांकनसहित विभिन्न विषयमा असहमति राखेका मधेश केन्द्रित दलले अझै संविधानलाई पूर्ण स्विकारेका छैनन् । संविधानको मर्म अनुसार भएको स्थानीय तहको निर्वाचन प्रक्रियामा सहभागी भए पनि 'मधेश(थरूहटमा दुई प्रदेश हुनुपर्ने, नागरिकता प्रावधान सच्याउनुपर्ने, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र, राष्ट्रिय सभामा प्रतिनिधित्वलगायतका माग' मधेश केन्द्रित दलले छाडेका छैनन् । अन्ततः संविधान जारी भएको असोज ३ गतेलाई कालो दिवस मान्दै आएका मधेशकेन्द्रित दलको मागअनुसार संविधान संशोधनको पहल भए पनि सफल हुन सकेन ।

> *प्रदेश २ मा फोरमसँग सरकारमा रहेको राजपा पनि ओली नेतृत्वको सरकारमा जान इच्छुक रहेको भन्ने कुरा पार्टीका नेताहरुको अभिव्यक्तिबाटै थाहा हुन्छ । राजपाले सरकारमा सहभागिताका लागि मूल मुद्दा संविधान संशोधन रहेको बताए पनि एमाले नेतृत्वको सरकारबाट कसरी अपेक्षा गरेको भन्ने विषयमा मौन छ । उसको यो मौनता नै सम्झौता गरेर सरकारमा जानु रहेको भन्ने अर्थ लाग्छ ।*

संविधान निर्माण प्रक्रियाप्रति असहमति जनाउँदै संविधान जारी हुनुपुर्व आन्दोलनमा रहेको तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बितेको दुई वर्षभरि आन्दोलनमै रह्यो । मधेश केन्द्रित दल एकातिर यही संविधानकै आधारमा भएको स्थानीय तहको चुनावमा सहभागी भए भने अर्कोतिर त्यहीं संविधान सशोधन नभई स्वीकार नमान्ने चेतावनी निर्वाचन पश्चात् पनि दिइरहेका छन् ।

संविधान निर्माणको बेलादेखि नै मधेशवादी दलले त्यसमा सीमाङ्कन, नागरिकता, भाषा, राष्ट्रिय सभाका प्रतिनिधित्व लगायतका माग समावेश गराउन दबाब शुरू गरेका थिए । संविधान जारी हुनुअघि आन्दोलनको क्रममा ४० जनाले ज्यान गुमाइसकेका थिए भने संविधान जारी पछि २० बढीले पनि ज्यान गुमाए ।

संविधान जारीपछि थुप्रै पटक सरकार परिवर्तन भइसकेको छ । संविधान जारी हुँदा सुशील कोइराला प्रधानमन्त्री थिए । त्यपछिको एमाले अध्यक्ष केपी ओली सरकार र मधेशकेन्द्रित दलबीच ३६ पटकभन्दा बढी वार्ता भए पनि कुनै निष्कर्षमा पुग्न सकेन । ओलीले मधेशमा कुनै समस्या नरहेको, संविधानमा संशोधन गर्नुपर्ने आवश्यकता नरहेको अभिव्यक्ति दोहोऱ्याइरहँदा पछि मधेशी दलहरू झन् चिढिए ।

एमालेको असहयोगले सशोधन प्रस्ताव फेल भएपछि मधेशी दलहरू एमाले विरूद्ध आक्रोशित थिए तर उनै मधेशी दलहरू अहिले केपी ओली नेतृत्वको सरकारमा सहभागी हुन तम्तयार भएर बसेका छन् ।

फागुन ७ गते एमाले र नेकपा माओवादी केन्द्रबीच पार्टी एकीकरणको निर्णायक वार्ता चलिरहँदा संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव एमाले नेता अग्नि खरेलको गाडी चढेर सुटुक्क बालुवाटार छिरे । पार्टी एकताको आधार तयार पार्न निर्णायक बैठकमा दुई वामपन्थी दल जुटिरहेका बेला यादव किन बालुवाटार पुगेका थिए ? यादवको बालुवाटार प्रवेशलाई अर्थपूर्ण रूपमा हेरिएको छ । त्यसपछि नै फोरमको सरकारमा सहभागिताको सम्भावना बढेर गएको छ ।

यद्यपी त्यसअघि यादवले एमाले अध्यक्ष केपी शर्मा ओली लगायत शीर्ष नेताहरूसँग पटक(पटक छलफल गरे पनि ठोस सहमति बन्न सकेको थिएन । फोरमले संविधान संशोधनको मुद्दालाई सरकारमा सहभागिताका लागि मुख्य बुँदा बनाए पनि त्यो केवल नाटक मात्र भएको विश्लेषण पनि गरिन थालिएको छ । एमालेकै कारणले विगतमा संविधान संशोधन नभएको, एमालेकै कारण मधेशमा उपद्रव भएको, सप्तरीको मलेठ घटनामा एमालेको संलग्नता रहेको जस्ता आरोप स्वयं यादवसहित मधेशी नेताहरूले लगाए पनि अहिले कुन परिस्थितका कारण फोरम एमालेसँगको सत्तामा जान आतुर भएको छन् ?

वाम गठबन्धनले संविधान संशोधन आवश्यकताका आधारमा भन्दै आए पनि त्यसलाई आधार बनाए फोरम वाम गठबन्धनले नेतृत्व गरेको सरकारमा सामेल हुने समझदारी गर्नु मधेशको मुद्दालाई बिर्सजन गरेर सत्ताको लोभमा फस्नु नै हो ।

वाम गठबन्धनले राजपा वा संघीय फोरममध्ये एक दललाई सरकारमा ल्याउन चाहन्छ, र यो उसको राजनीतिक रणनीतिलाई स्वाभाविक पनि मान्न सकिन्छ । यसका पछाडि दुई नम्बर प्रदेशको विश्वास जित्ने ध्याउन्न र ओली सरकारको दीर्घकालीन हित मुख्य कारण देखिन्छ ।

एमालेका एक नेताका अनुसार मधेशको दुई घटकमध्ये एउटा पनि वाम गठबन्धनको सरकारमा आए दीर्घकालीन रूपले हेर्दा फाइदाजनक छ । एमाले मधेशविरोधी हो भन्ने ट्याग पखाल्नका लागि पनि एमाले फोरमको उपस्थिति सरकारमा चाहन्छ ।

प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा देशैभरि वाम गठबन्धनको लहर आउँदा पनि दुई नम्बर प्रदेशमा भने गठबन्धन रक्षात्मक देखियो । सातमध्ये ६ प्रदेशमा सरकार निर्माण गरे पनि दुई नम्बर प्रदेशको सरकार वामपन्थी दलबिना नै बनेको छ । यस्तो, अवस्थामा दुई नम्बर प्रदेशको विश्वास जित्न पनि वाम गठबन्धन राजपा र फोरमलाई सरकारमा ल्याउन चाहन्छ । दुवै दल सरकारमा आउने अवस्था नभए संघीय फोरमलाई मात्रै भए पनि सरकारमा ल्याउने गठबन्धनको प्रयास छ । राजपाको तुलनामा संघीय समाजवादी फोरमसँग सहकार्य एमालेलाई यसकाणले सहज कि उपेन्द्र यादव स्वयं वामपन्थी पृष्ठभूमिका व्यक्ति हुन् ।

प्रदेश २ मा फोरमसँग सरकारमा रहेको राजपा पनि ओली नेतृत्वको सरकारमा जान इच्छुक रहेको भन्ने कुरा पार्टीका नेताहरूको अभिव्यक्तिबाटै थाहा हुन्छ । राजपाले सरकारमा सहभागिताका लागि मूल मुद्दा संविधान संशोधन रहेको बताए पनि एमाले नेतृत्वको सरकारबाट कसरी अपेक्षा गरेको भन्ने विषयमा मौन छ । उसको यो मौनता नै सम्झौता गरेर सरकारमा जानु रहेको भन्ने अर्थ लाग्छ ।

संविधान संशोधनको अवस्था जहाँको त्यहिँ छ र अहिलेसम्म एमालेले कुन रूपमा प्रस्तुत हुने स्पष्ट जबाब दिएको छैन तर मधेशका यी दुई दल, जो संविधान संशोधनका लागि ठूलो संघर्ष गरे, अहिले सत्ताको लोभमा विगतको प्रतिवद्धतालाई बिर्सेर जनताको अपेक्षा विपरीत जान खोजिरहेको आरोप लाग्न थालेका छन् । वाम गठबन्धन संविधान संशोधनमा तयार भए सरकारमा जान कुनै समस्या नरहेको बताइरहेका मधेशी नेताहरूमा सत्ताको उन्माद देखिएको छ । *मधेश दर्पण फिचर सेवा)*

# राजमाका यस्ता फाइदा



खानासँग दालका रूपमा होस् या चिउरा, मुराईजस्ता सुक्खा खानेकुराका साथमा राजमालाई विभिन्न तवरले पकाएर खाइन्छ। गेडागुडी वर्गमा पर्ने राजमा विभिन्न पोषक तत्वले भरिपूर्ण खानेकुरा हो।

राजमा गेडागुडी वर्गमा पर्ने भएकाले यो प्रोटिनको उच्च स्रोत हो। प्रोटिनको उच्च स्रोत भएकैले केटाकेटी, सुत्केरी र गर्भवती महिलालाई राजमा खुवाउनु फाइदाजनक छ। यससँगै राजमाका अन्य धेरै फाइदा छन्, जसबारे धेरैलाई थाह नहुन सक्छ।

राजमामा घुलनशील र अघुलनशील दुवै थरिका फाइबर पाइन्छ। घुलनशील फाइबरले शरीरमा रहेको कलेस्टेरोलसँग बाँधिएर शरीरबाट कोलेस्टेरोल निष्कासन गर्न मद्दत गर्छ। अघुलनशील फाइबरले कब्जियतसँगै ठूलो र सानो आन्द्रासँग सम्बन्धित विभिन्न रोग लाग्न नदिन मद्दत गर्छ।

त्यसैगरी, राजमामा पाइने फाइबरले कलेस्टेरोल कम गराएर मुटुरोग हुनबाट जोगाउँछ। राजमामा पाइने फोलेट र म्याग्नेसियम नामक तत्वले पनि मुटुको क्रियामा मद्दत पुऱ्याएर मुटु स्वस्थ राख्न मद्दत गर्छ।

यसैगरी, चिनी रोगीका लागि पनि राजमा उपयुक्त खानेकुरा हुन सक्छ। यसमा भएको घुलनशील फाइबरले हाम्रो रगतमा चिनीको मात्रा नियन्त्रण गर्न सघाउँछ।

राजमामा आइरनको मात्रा पनि धेरै हुन्छ। त्यसैले रक्तअल्पताका बिरामीलाई राजमाको दाल खुवाउनु प्रभावकारी मानिन्छ। मांशाहारी खानेकुराबाट प्राप्त हुने आइरनभन्दा प्रभावकारी आइरन नभए पनि न्यून चिल्लो पदार्थ हुने भएकाले मुटुरोगी अथवा मोटोपना भएका व्यक्तिका लागि राजमा उत्तम वैकल्पिक खानेकुरा हुन सक्छ।

हामीले खाएको खानाबाट शक्ति प्राप्त गर्न हाम्रो कोषभित्र विभिन्न क्रिया हुन आवश्यक छ। त्यस्ता क्रियाहरुमा महत्वपूर्ण भूमिका खेल्ने 'म्यान्गनिज' नामको खनिज पदार्थ राजमामा प्रसस्त मात्रामा पाइन्छ। साथै, हाम्रो शरीरभित्र बन्ने विभिन्न हानिकारक तत्व (जस्तैः फ्रि रेडिकल) लाई निस्क्रिय पार्न पनि यो खनिज तत्वले भूमिका खेल्छ। राजमामा भिटामिन बि १, कप्पर, फस्फोरस र पोटासियम जस्ता पोषक तत्व प्रसस्त पाइन्छ। यस्ता खनिज पदार्थको हाम्रो शरीरभित्र छुट्टै महत्व हुन्छ। फस्फोरस बलियो हड्डी र दाँतका लागि आवश्यक छ भने, भिटामिन बि १ ले हाम्रो मष्तिस्कको विकास र कार्यमा मद्दत पुर्उयाउँछ।

'धेरै खाए गुण पनि तीतो हुन्छ' भन्ने नेपाली उखानै छ। त्यस्तै, राजमा पनि धेरै र गलत ढंगले प्रयोग गरेमा शरीरलाई प्रतिकुल असर पर्न सक्छ। काँचो राजमामा 'फाइटोहेमाग्लुटिनिन' भन्ने विषालु तत्व पाइन्छ, जसले हाम्रो कोषहरुमा हुने कार्यलाई बिथोल्ने गर्छ। यो तत्वलाई हटाउन राजमालाई राम्रोसँग पकाएर खानु जरुरी छ।

# थाहै नपाई हुन सक्छ लिभर सिरोसिस

**डा सुवास भट्टराई**

लिभर सिरोसिसलाई 'लिभर फेलियर' भनेर बुझ्न सकिन्छ। सिरोसिस भनेको 'कलेजो फेल' भएको अवस्था हो। कलेजो रोगमा क्यान्सरपछि यो दोस्रो गम्भीर समस्या हो। कलेजो ७०-८० प्रतिशतसम्म बिग्रँदा पनि कतिपय अवस्थामा कलेजो रोगको लक्षण वा समस्या नदेखिन सक्छ। नियमित मध्यपान नगर्ने र कलेजो बिग्रँदै गरेको व्यक्तिको केही महिनाअघि गरिने जाँच पनि सामान्य देखिन सक्छ। कसैकसैलाई रोगको सुरुवातीमा कमजोरी महसुस हुन सक्छ। छिट्टै थकाइ लाग्ने, काम गर्न गाह्रो हुने, हातखुट्टा गलेर आउने, खाना खान मन नलाग्ने जस्ता लक्षण देखिन सक्छ।

किन हुन्छ लिभर सिरोसिस?

१. कम्तिमा १० वर्षदेखि नियमित मध्यपान गर्ने वा हप्तामा ४ दिनजसो मदिरा सेवन गर्ने व्यक्तिको कलेजो बिग्रने हुन्छ। हाम्रो समाजमा भने ९०-९५ प्रतिशत लिभर सिरोसिसको कारण रक्सीको नियमित सेवन नै हो। २. हेपाटाइटिस बी र सी इन्फेक्सन लामो समयदेखि उपचार नगरेमा। रगत, असुरक्षित यौन सम्पर्क, आमाबाट सन्तानमा, लागूऔषध, प्रयोग भइसकेको सुइ साटफेर आदि माध्यमबाट हेपाटाइटिस हुनेगर्छ। हिजोआज लामो समयदेखि हेपाटाइटिस बी र सी भएर कलेजो बिग्रेका बिरामीको संख्या पनि बढ्दो मात्रामा छ।

३. अन्य कारणहरु रु मधुमेह, मोटोपना, कलेजोमा बोसोको मात्र ( फ्याटी लिभर) आदि।

लिभर सिरोसिसका लक्षण

१.जन्डिस रहिरहनु,

२. खान मन नलाग्नु, बान्ता हुनु,

३ आलस्य र कमजोरी मससुस हुनु

४. खुट्टा सुनिन्नु वा फुल्नु,

५. पेटभित्र पानी जमेर पेट फुल्नु अर्थात् पेट ठूलो हुनु,

६. छाला, मासु गलेर आउनु,

७. चाँडो थकाइ लाग्नु,

८. शरीर दुब्लाउँदै जानु,

९. केटा मान्छेको स्तन बढ्नु,

१०. बान्ता गर्दा रगत देखिनु,

११. दिसामा रगत देखिनु, दिसा कालो हुनु,

१२. पिसाबमा कमी आउनु,

१३. बोली लटपटिनु, बेला-बेलामा होश गुम्नु,

१४. दिउँसो निद्रा लाग्नु, राति बर्बराउनु,

१५. सास फेर्न गाह्रो हुनु, केही पाइलापछि हिँड्न मुस्किल पर्नु,

१६. चोट लाग्दा रगत बगिरहनु, आदि।

माथि उल्लेखित कुनै पनि लक्षण देखा परेमा तुरुन्तै अस्पताल जानुपर्छ। कतिपय अवस्थामा आइसियूमा भर्ना गरेर मात्र उपचार सम्भव हुन सक्छ।

कलेजो रोग विशेशज्ञले यस्ता बिरामीलाई देख्नेबित्तिकै रोग पत्तो लगाउन सक्छन्। तर कलेजो केरकति बिग्रिएको छ, अरु के-के समस्या छन् भन्ने पत्ता लगाउन चाहिँ केही जाँच गर्नुपर्ने हुन्छ।

के-के जाँच्ने ?

१. रगतबाट कलेजो जाँच्दा बिलिरुबिन, एएलटी र एएसटी उच्च हुन सक्छ,

२. रगतमा हेपाटाइटिस बी र हेपाटाइटिस सी किटाणूको जाँच

३. पिसाबको जाँच,

४. रगतमा बोसोको मात्र ( उच्च कोलेस्टेरोल, उच्च टिजी),

५. सुगर, युरिक एसिड (उच्च हुन सक्छ),

६. भिडियो एक्सरे (कलेजो खुम्चिएको, पेटमा पानी जमेको, फियो सुन्निएको आदि),

७ सिटी स्क्यान (आवश्यकता अनुसार),

८. इन्डोस्कोपी (आवश्यकता अनुसार)

लिभर सिरोसिसको उपचार

सरोसिस भएका बिरामी जन्डिसको उपचार गर्दै हिँडेको देखिन्छ। जन्डिसको उपचार गर्दैमा यो रोग निको हुँदैन। जन्डिस भनेको कलेजोको खराबी भन्ने बुझिन्छ। यो आफैंमा कुनै रोग होइन।

लेजो रोगको शंका लागेमा पेट तथा कलेजो रोग विशेषज्ञसँग परामर्श, सल्लाह र नियमित चेकअप गराइरहनुपर्छ। समयमै रोग पत्ता लगाई उपचार गरेमा समस्या बढ्न पाउँदैन। बिरामीलाई बचाउन सकिन्छ, तर, नियमित डाक्टरलाई देखाइरहनु पर्छ। कतिपय अवस्थामा औषधिबाटै लिभर सिरोसिसको पूर्ण उपचार नहुन सक्छ र कलेजो फेर्ने अथवा प्रत्यारोपण गर्नुबाहेक अन्य विकल्प बाँकी रहँदैन।

सो भन्दैमा, औषधि-उपचार गर्नै नमिल्ने भन्ने होइन। समस्या बढ्न नदिन र कलेजो जति बिग्रियो त्यसलाई थप बिग्रिन नदिन केही औषधि प्रयोग गरिन्छ। तर रक्सी सेवन बन्द गर्नुपर्छ, धूमपान गर्नु हुँदैन। हेपाटाइटिस बी र सीबाट पीडित सिरोसिसका बिरामीले डाक्टरको सल्लाह अनुसार पहिले एन्टिभाइरल औषधि खानुपर्छ। खुट्टा सुन्निएको, पेट फुलेको अवस्थामा पिसाब लाग्ने औषधि सेवन गर्नुपर्छ भने दिसा पातलो गर्ने झोल औषधि 'लेक्टुलोज'को प्रयोग गर्नुपर्ने हुन्छ।

१. स्तो खाने कुरामा ध्यान दिने ?

. लिभर टनिक खाँदा जन्डिस, हेपाटाइटिस निको हुन्छ, रक्सी सेवन गर्न मिल्छ र कलेजो बिग्रँदैन भन्ने भ्रमबाट मुक्त हुनुपर्छ।

२. रक्सी पटक्कै सेवन गर्नु हुँदैन। कलेजोलाई आराम दिन माछा, मासु, फ्राई गरेको, चिल्लो आदिको सेवनमा कमी ल्याउनुपर्छ।

३. जन्डिस मात्र हुँदा पानी ज्यादा पिउन भनिन्छ। तर, सिरोसिस भइसकेपछि अत्यधिक पानी पिउनु हुँदैन, जति पिसाब लाग्छ त्यसको अनुपातमा पानी पिउनुपर्छ।

४. मुख नमिठो हुने हुँदा ग्लुकोज पानी, फलफूलको जुस खान भनिएको हो। फलफूलको जुस पिउँदा पानीको विकल्प हुनुका साथै तागतिलो पनि हुन्छ। सकी नसकी मेवा, उखु खोज्दै हिँड्नु पर्दैन। उखु पेल्ने हात र पानी फोहोर छ भने उल्टो बेफाइदा गर्छ। पानी उमालेको या फिल्टर गरेको हुनुपर्छ।

५. नियमित बिहान-बेलुका खाने दाल-भात खान मिल्छ। तरकारी बनाउँदा प्रयोग हुने प्याज भुट्न चाहिने जति तेल पनि प्रयोग गर्न सकिन्छ।

६. जंक फुड (चाउचाउ, चिप्स आदि), फास्ट फुड (म:म, चाउमिन, पिज्जा आदि) र कोक फेन्टा जस्ता कोल्ड ड्रिंक खानु हुँदैन।

७ सिरोसिस भएका बिरामीमा प्रोटिनको कमी हुने भएकाले उसिनेको अन्डाको सेतो भाग दिनमा ३ देखि ५ वटासम्म, भटमास, चना, केराउको सातु आदि खान सकिन्छ।

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): पढाइ लेखाइतिर भन्दा भ्रमणतिर मन जानेछ। व्यापार व्यवसायबाट भने नोक्सान हुने देखिन्न। शरिर केहि आलश्य होला।

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय सामान्य खालको छ। रचनात्मक कामप्रति खासै मन जाने देखिन्न। अरुले गरेका काममा सहभागी हुनु पर्नेछ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): पढाइ लेखाइको लागि उपयुक्त समय मान्न सकिन्छ। यतिबेला शैक्षिक यात्रा तथा व्यापार व्यवसाय दुवै लाभदायक छ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): शरिर केहि आलश्य होला। नयाँ योजनाको कार्य गर्नेतिर मन जाने देखिन्न। विचार पुऱ्याएर आफ्नो कार्य अगाडी बढाउनु होला।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शारीकि स्फूर्ति आउने छ। आर्थिक कारोवारको लागि राम्रो समय आएको छ। अन्न बस्त्र आदि उपहार प्राप्त होला।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): खानपिन परिकार प्राप्त होलान्। सामाजिक सभा समारोहमा उपस्थित हुनुपर्ला। निर्माणजन्य व्यवसायबाट लाभ लिन सकिन्छ।

**तुला** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय सामान्य खालको छ। मन खिन्न होला। शरिर केहि आलश्य होला, आर्थिक पक्ष भने सुदृढ रहला।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आज खासै भरपर्दो समय छैन। सामान्य कुरामा पनि विवादमा परिएला, बोल्दा बडो विचार पुऱ्याएर मात्रै बोल्नु भए वेश होला।

**धनु** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): खानपिनका परिकार प्राप्त होलान्। मिष्ठान्न बस्त्र आदि उपहार प्राप्त हुने सम्भावना छ, मन प्रसन्न रहला।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): गरेका कार्यमा सफलता मिल्नेछ। विभिन्न घरायसि सामान किनमेलमा समय बित्नेछ, भ्रमणको लागि उपयुक्त समय मान्न सकिन्छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द): देवालय मठमन्दिर आदिको दर्शन भ्रमणको समय छ। समय अनुसार आफूलाई पनि ढाल्न सक्नु पर्ने बेला आएको छ। विचार गर्नु।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): अनावश्यक कामको विवादमा परिएला। बोल्दा बडो सजगता अपनाउनु होला। शत्रुदेखि हरबखत सजग रहनु होला।

जनता टाइम्स्



# संस्कारको पर्खाल

पहिलो पृष्ठबाट क्रमशः ......

परिवार बसोबास गर्ने यो टोलबाट एकजनाले पनि एसएलसी उत्तीर्ण गरेका छैनन्।

यी ४० परिवार मुसहरसँग छाप्रो अट्ने बाहेक एक धुर पनि जग्गा छैन। छाप्रो यति सानो हुन्छ कि- यसभित्र परिवारका सदस्यलाई सुत्न मुश्किलले पुग्ने ठाउँ हुन्छ।

सानैमा बिहे हुनु, अभिभावकमा छोराछोरी पढाउनुपर्छ भन्ने चेतनाको कमी र कमाइको लोभले बालबालिकालाई पढाइभन्दा काममा लगाउनु यहाँको आम समस्या भए पनि यसको मुख्य कारण गरीबी हो।

समाज विकास केन्द्रका 'फिल्ड अफिसर' रुपेश पासवानले विद्यालय जान नपाएका किशोरीहरूलाई लक्षित गरी केन्द्रले किशोरी कक्षा संचालन गर्दै आएको र ९ महीनाको कक्षापछि उनीहरूलाई विद्यालय भर्ना गरिने गरेको बताए। अहिलेसम्म कक्षामा २१ जना किशोरी सहभागी भए। तर, उनीहरू कोही पनि विद्यालय जाँदैनन्। यही कारण हुनसक्छ, यहाँका ५० प्रतिशत महिलासँग नागरिकता छैन। धेरै बालबालिकाको जन्मदर्ता पनि छैन।

**संस्कारको पर्खाल**

महोत्तरीको शमासी गाउँपालिका-६, शमासी (इस्लामावाद) टोलको कथा केही फरक छ। यो टोलकी आयसा खातुन (१८) ले कुरान (इस्लाम धर्मको प्रमुख धर्मग्रन्थ) राम्रोसँग पढ्न सक्ने भएपछि घरायसी काममा आमालाई सघाउन मदरसा (धार्मिक पाठशाला) छाड्नु पर्‍यो।

इस्लामावाद टोलकै नगिमा खातुन (१२) ले पनि घरको काममा सघाउन मदरसाको पढाइ छाडेको तीन वर्ष पुग्यो। १२ वर्षीया सम्मा खातुनले हिन्दी, उर्दू र कुरान सिकेपछि मदरसा छाडिन्। कारण ६ कट्ठा जमीनको उत्पादनले खान लाउन पुगेन। अनि उनका आमाबुबा अन्यत्र काममा जानुपर्ने हुनथाल्यो। घरको जिम्मेवारी सम्माको जिम्मामा आयो। गाउँकै साजिया खातुन (१७) र जाइस्था खातुन (१८) ले त मदरसा पनि टेक्न पाएका छैनन्।

यो यस्तो टोल हो, जहाँका एक जना पनि बालबालिका विद्यालय जाँदैनन्। अभिभावकले मदरसाको धार्मिक शिक्षालाई मात्र महत्व दिने गर्छन्। तर, करीब ५०० बालबालिका रहेको यो टोलका सबैले मदरसा शिक्षा पनि पूरा गरेका छैनन्। कतिपय बालक मदरसाको पढाइ सिध्याएर, केही चाहिं बीचमै छाडेर रोजगारीका लागि भारततिर लाग्छन्। सबैजसो बालिकाहरू चाहिं घरको कामकाजमा व्यस्त हुन्छन्।

दुई किलोमिटर दूरीमा रहेको छेवैको गाउँमा माध्यमिक विद्यालय छ, तर मदरसाको पढाइ पूरा गर्नेलाई अभिभावकले विद्यालय पठाउँदैनन्। अभिभावक अस्गारी खातुन भन्छिन्, "यिनीहरू पढ्न गए घरको काम कसले गर्छ?’ अर्की अभिभावक रुवेदा खातुनले भनिन्, "छोरीहरूले मदरसा पढेपछि घरको काम सिकाउने र बिहे गरिदिने हो।'

अभिभावक शेष बकाउल्ला धार्मिक शिक्षा सबैले लिनुपर्ने अनिवार्य प्रचलन भएकाले त्यसभन्दा धेरै पढाउने चलन नभएको बताउँछन्। छोराहरू कमाउन जानुपर्ने भएकाले पढाउन नसकिने, छोरीलाई चाहिं टाढाको विद्यालय पठाउँदा सुरक्षा नहुने भएकाले नपढाइएको उनको तर्क छ।

समाज विकास केन्द्रका फिल्ड अफिसर नेहाज अहम्मदका अनुसार, यहाँका मुसलमान समुदाय आर्थिक रूपमा विपन्न छन्। उनी भन्छन्, "त्यसमाथि छोरी घरबाहिर निस्के बिग्रिन्छन् भन्ने सोच हावी छ।’ हैजान अजिजिया सिद्धिकिया मदरसाका शिक्षक मौलाना शेष शलाउदिन राउफले धार्मिक शिक्षा नै पर्याप्त भएको तर्क गरे। उनको भनाइ थियो, "मदरसाको कोर्सभन्दा ज्यादा पढ्न आवश्यक छैन।

मदरसामा प्रायः पाँच कक्षासम्मको पढाइ हुन्छ। त्यहाँ सिकाइने कुरा झन् रोचक छन्। मौलाना राउफले भने, "मदरसामा बालिकाहरूलाई प्रायः अनुशासनमा बस्न, परिवार र श्रीमान्लाई सधैं खुशी राख्न, बुर्का (पर्दा) नलगाई बाहिर हिंडडुल नगर्न र परपुरुषसँग नबोल्न सिकाइन्छ।’

सिरहा, विष्णुपुरा-३, अमरगरिया, राजपुर, मुसहरटोलका बालबालिका, जो विद्यालय जाँदैनन्।

गाउँपालिकाका सात वटा वडामध्ये वडा नम्बर २, ३ र ६ मुस्लिम बहुल हुन्। गाउँपालिकाभित्र तीन सामुदायिक विद्यालय, ६ निजी र ६ मदरसा छन्। इस्लामावाद टोल सीमावर्ती भारतको विहार राज्यअन्तर्गत पूर्वी चम्पारण जिल्लाको कनवा बजारबाट दुई किमी र सदरमुकाम जलेश्वरबाट २० किमी दूरीमा पर्छ। मुस्लिम बहुल यहाँका धेरैजसो बासिन्दा गरीब छन्। उनीहरू मौसमी खेतीपाती र भारतमा ज्यालामजदूरी गरेर जीविकोपार्जन गर्छन्।

प्रदेश-२ कै अर्को सिरहा जिल्लाको सिरहा नगरपालिका-४ स्थित रमौल दक्षिण टोल (कुटीपोखरी) मा मुस्लिम समुदायका २० परिवार बस्छन्। आफ्नै एक धुर जग्गा नभएका उनीहरू ऐलानी जग्गामा छाप्रो बनाएर बसेका छन्। ५० मिटरको दूरीमा दुई वटा मदरसा र एउटा विद्यालय छन्। तर, कुटीपोखरी टोलका मुस्लिम समुदायका ८० बालबालिकामध्ये २० जना मात्र मदरसा जान्छन्, उनीहरू पनि नियमित छैनन्। विद्यालय जाने बालबालिका त एकजना पनि छैनन्। १४ वर्ष पुगेका प्रायः बालबालिका अभिभावकसँगै काम खोज्न निस्कन्छन्। १८ वर्ष पुगेका अब्दुल करिम भन्छन्, "मजदूरी गरेको दिन ६०० रुपैयाँ कमाउँछु। यतिले घरको छाक टार्न ठिक्क हुन्छ, भाइबहिनी कसरी पढाउनू?’

रमौल उत्तर टोलमा चाहिं तीन वर्ष अघिदेखि छात्राको लागि 'गर्ल्स मदरसा' सञ्चालनमा छ। इस्लाम धर्मसम्बन्धी ज्ञान र अंग्रेजी, हिन्दी, अरबी र नेपाली भाषा सिकाइने आवासीय सुविधासहितको यो मदरसामा १३९ किशोरी पढ्छन्। मदरसामा पढ्न आउनेमध्ये धेरै बाहिरी जिल्ला र केही भारतबाट आउनेहरू समेत छन्।

यहाँ पढाउने शिक्षिका सबै महिला छन्। किशोरीलाई बाहिर निस्कने अनुमति छैन। निस्कनै परे बुर्का लगाउनुपर्छ। मदरसाका प्रधानाध्यापक मुस्ताफिर हमानीका अनुसार ती किशोरीहरूलाई उर्दू अरबी भाषासँगै कुरानका विषय, बुर्का लगाएर हिंड्न, नचिनेका मान्छेसँग नबोल्न र श्रीमान्लाई खुशी पार्न सिकाइन्छ। हमानीले पनि उही तर्क गरे, "यसमै सबै कुरा छ, किशोरीहरूलाई योभन्दा बढी शिक्षा लिन आवश्यक पनि छैन।

मदरसाको पढाइ सकिएपछि अधिकांश अभिभावकले आफ्ना सन्तानलाई विद्यालय पठाउँदैनन्। स्थानीय समाजसेवी महम्वद शाहिद भन्छन्, "मदरसाको पढाइपछि विद्यालय पढाउन आवश्यक छ, तरस यहाँका अभिभावक कुरै बुझ्दैनन्।

२०० घरधुरी रहेको रमौल, उत्तरटोलका करीब १०० जना बालबालिका विद्यालय जाँदैनन्। उनीहरूले मदरसामा पनि पाइला नटेकेको समाजसेवी शाहिदले बताए। यो टोलमा दुई वटा मदरसा र एउटा विद्यालय छन्। गरीबी र अभिभावकमा पढाइप्रति रुचि नहुनु यसको मुख्य कारण रहेको शाहिदको निर्क्योल छ। आक्कलझुक्कल मदरसा र विद्यालय जाने बालबालिका पनि बीचैमा पढाइ छाड्छन्, उमेर बढाएर नागरिकता र राहदानी बनाउँछन्, अनि वैदेशिक रोजगारमा जान्छन्।

बालबालिका विद्यालय नजानुको अर्को कारण घरेलु हिंसा हो। रमौल, उत्तरटोलकी सहनाज खातुन (४५) लाई श्रीमान्ले छाडे र उनी भारतमै अर्को बिहे गरेर बसे। सहनाजका तीन छोराछोरी छन्। श्रीमान्ले छाडेपछि घरखर्च चलाउन अरूको घरमा काम गरिरहेकी सहनाजले छोराछोरी पढाउन सकिनन्। यो टोलमा उनीजस्तै श्रीमान् र परिवारबाट पीडित २० महिला छन्। श्रीमान्ले खानलाउन नदिने, घरबाट निकालिदिने र अर्को बिहे गरेर सम्पर्कविहीन भएपछि यसको मार बालबालिकामा परेको छ। पारिवारिक विखण्डनको शिकार बनेका यस टोलका ४० जना जति बालबालिका विद्यालय जाँदैनन्।

प्रदेश-२ को अस्थायी राजधानी जनकपुर उपमहानगरपालिका-२० स्थित लोहना गाउँमा रहेको खान काहे बरकात मदरसा नेपालकै ठूलो मदरसा हो। यहाँ एउटै कम्पाउण्डभित्र महिला र पुरुषलाई अलग्गै कक्षामा पढाइन्छ। यहाँ पढ्ने ७० किशोरी आफ्नो कक्षा रहेको भवनबाट अर्को भवनमा जान पाउँदैनन्। किशोर पढाउने पुरुष शिक्षकहरू पनि किशोरी पढ्ने मदरसामा जान पाउँदैनन्। कडा अनुशासनमा मदरसाको पढाइ सिध्याएपछि अभिभावकहरू आफ्ना छोराछोरीलाई अरू कुनै विद्यालय पठाउन रुचाउँदैनन्।

**पैसा न पढ्ने ठाउँ**

१४ मंसीर २०७४ मा महोत्तरीको मनरासिशवा नगरपालिका-१०, मधवास्थित हनुमान विश्वनाथ जनता सरकारी प्राथमिक विद्यालय पुग्दा त्यहाँ एकजना पनि विद्यार्थी थिएनन्। एकजना शिक्षक र बाल विकास केन्द्रकी शिक्षिका बबिता पाण्डेय मात्रै त्यहाँ थिए। शिक्षिका पाण्डेयले 'अर्को विद्यालयका विद्यार्थीको मृत्यु भएकाले शोकमा यो विद्यालयमा समेत विदा दिइएको' बताइन्।

खासमा मंसीर महीना धान काट्ने सिजन भएकाले विद्यार्थी नआउँदा विद्यालय बन्द गरिएको रहेछ। सोही विद्यालयमा ५ कक्षामा पढ्ने गुडिया खातुनलाई धानको बोझा लिएर खेतबाट फर्कंदै गरेको अवस्थामा हामीले भेट्यौं। उनले भनिन्, "धान काट्ने सिजन भएकाले स्कूल विदा छ।

२०१० सालमा स्थापित यो विद्यालय भवनको छानो र भित्ता दुवै नहुँदा खुला चौरमै पढाइ हुन्छ। चारवटा भवनका आठ कोठामध्ये एउटै पनि सद्धे अवस्थामा छैनन्। शिक्षक रामराव राउत भन्छन्, "कोठाको हालत राम्रो छैन, चौरमै पढाउँछौं।

५ कक्षासम्म पढाइ हुने विद्यालयमा एक प्रधानाध्यापक र बाल विकास केन्द्रका समेत गरी तीन जना शिक्षक छन्। बाल विकास केन्द्र र १ कक्षालाई एकै ठाउँमा पढाइन्छ। दुई र तीन कक्षाकालाई एकठाउँमा अनि चार र पाँच कक्षाका विद्यार्थीलाई एक ठाउँमा पढाइन्छ। विद्यालयमा कालोपाटी नभएकोले गणित विषय पढाउन समस्या भएको शिक्षक राउतले बताए।

विद्यालयको हविगत देखेर पनि छोराछोरीलाई स्कूल पठाउन मन नलाग्ने अभिभावक लोकेन्द्र सदा बताउँछन्। स्थानीयवासी दिलकश अन्सारी मुस्लिम, कुर्मी, चमार, लोहार, सदालगायत समुदायका अति विपन्न र धेरै दलित बालबालिका पढ्ने यो विद्यालयको भौतिक विकासमा कसैको ध्यान नपुगेको गुनासो गर्छन्। शिक्षक राउत भन्छन्, "विद्यालयको स्तरोन्नतिका लागि जिल्ला शिक्षा कार्यालय नै चासो देखाउँदैन।’ २६१ विद्यार्थी पढ्ने यो विद्यालयका ४० प्रतिशत विद्यार्थी मात्र नियमित छन्।

नेपालकै पुरानोमध्येको यो विद्यालयमा पढेका थुप्रै विद्यार्थी प्रोफेसर, डाक्टर र इन्जिनियर बनेका छन्। तर, यही विद्यालय रहेको मधवास्थित मुसहर टोलमा अहिलेसम्म एक जनाले मात्र एसएलसी उत्तीर्ण गरेका छन्। यहाँको मुसहर समुदायबाट एसएलसी उत्तीर्ण गर्ने एक्लो व्यक्ति योगेन्द्र सदा (३६) ले २०५५ सालमा नजिकैको भौगुलो भैयादाई गुलावदाई जनता माविबाट एसएलसी उत्तीर्ण गरेका हुन्।

योगेन्द्रले पनि आफ्ना तीन छोरा र छोरीमध्ये एक छोरा र छोरीलाई प्राथमिक शिक्षाभन्दा धेरै पढाउन सकेनन्। योगेन्द्र भन्छन्, "खर्च नपाएर मैले पढ्न सकिनँ, अहिले छोराछोरी पढाउन पनि पैसा भएन। यस मुसहर टोलका ६० बालबालिकामध्ये २० जनाले विद्यालय टेकेकै छैनन्। विद्यालय भर्ना भएकाहरू पनि नियमित छैनन्।

सिरहाको विष्णुपुरा गाउँपालिका-३, अमागरिया राजपुर मुसहर टोलकी राधिका सदा (८) हप्तामा तीन दिन मात्र विद्यालय जान्छिन्। अरू दिन घरको कामले फुर्सद मिल्दैन। ४ कक्षामा पढ्ने राकेश सदा (१०) पनि धेरैजसो समय बहिनीको हेरचाहमै बित्ने हुँदा नियमित विद्यालय जान पाउँदैनन्।

टोलकै अनिता सदा (१४) ले २ कक्षासम्म पढेर पढाइ नै छाडिन्। घरायसी कामको भारले पढाइ छाडेकी उनी अहिले अरूको खेतीपातीको काम समेत गर्छिन्। राजु सदा (१४) ले ३ कक्षा पढेर छाडेको दुई वर्ष पुग्यो भने उनका भाइ त विद्यालय नै जाँदैनन्।

५ कक्षामा पढ्ने गम्भीर सदा (११) ले भाइबहिनी हेर्ने र बुबाआमालाई सघाउने कामबाट फुर्सद नपाएपछि यसै वर्ष पढाइ छाडे। ९० परिवार मुसहरहरूको बसोबास रहेको यो टोलमा विद्यालय जाने उमेरका ९० जना बालबालिका छन्। तीमध्ये ३० जनाले विद्यालय टेकेकै छैनन् भने जानेहरू पनि नियमित छैनन्। किन विद्यालय नै जाँदैनन् वा नियमित छैनन् भन्ने प्रश्नमा सबैजसोको एउटै जवाफ हुन्छ- 'बाबुआमा मजदूरी गर्न जाने हुनाले घर हेर्नुपर्छ।'

सदरमुकाम सिरहा नगरपालिका-२, गोरीयानीका ज्योति मल्लिक (१७) ले ६ कक्षामा पढ्दापढ्दै पढाइ छाडे। उनी अहिले भारतमा ज्यालादारीको काम गर्छन्। उनका भाइ ६ कक्षामा पढ्छन्, तर बहिनी भर्ना भए पनि विद्यालय जाँदिनन्। ८ कक्षा पढेर छाडेका यहींका सुरेश मल्लिक पनि भारतमा होटलमा काम गर्छन्।

डोम समुदायका १५ परिवार बसोबास गर्ने यो टोलका विद्यालय जाने उमेरका २५ बालबालिकामध्ये कोही पनि विद्यालय जाँदैनन्। सिरहाकै बरियारपट्टि गाउँपालिका-३, मल्लिक टोलका ७ परिवार डोम समुदायका तीन जना बालबालिका मात्र विद्यालय जान्छन्। उनीहरू पनि विद्यालयमा नियमित छैनन्।

डोम समुदायमाथि जातीय विभेद चर्को छ। कथित उपल्लो जातकाहरूले उनीहरूलाई सरसफाइबाहेक अरू कुनै काम दिंदैनन्। स्थानीय सीता मल्लिक भन्छिन्, "उपल्लो जातिकाले हामीलाई काममा पनि राख्दैनन्। बाँसबाट सुपो (नाङ्लो) र भकारी बनाएर बेचेको पैसाले घरखर्च चलाउँछौं।’

जनकपुर उपमहानगरपालिका-१२, रामपुरमा रहेको श्री माध्यमिक



*बाँकी अन्तिम पृष्ठमा*

# दोस्रो सप्तरी महोत्सव शुरू




सप्तरी / सप्तरीको राजविराजमा 'दोस्रो सप्तरी महोत्सव २०७४' शुरु भएको छ। महोत्सव उदघाटन गर्दै प्रदेश नं. २ का प्रमुख रत्नेश्वरलाल कायस्थले अर्थतन्त्रको विकासका लागि देशमा श्रम, सीप र साधनको उचित विकास हुनपर्ने बताए। तराई मधेसमा बसोबास गर्ने आदिवासी, जनजाति, दलित, मुस्लिमसहित मुलुकको समग्र विकासका लागि यस्तो व्यापार मेलाको आवश्यकता रहेको पनि उनले बताए। प्रदेश नं. २ का विकासमन्त्री नवलकिशोर साहले उद्योगको विकास गर्नसके जिल्लाको समग्र विकास हुने विचार व्यक्त गरे। पर्यटन क्षेत्रको पहिचान तथा विकासमा सहयोग गर्ने, आधुनिक नयाँ प्रविधि, उपकरण एवं मेसिनका बारेमा जानकारी गराउने, उत्पादन र उपभोक्ताबीच सम्बन्ध अभिवृद्धि गर्ने, लगानीका अवसर सिर्जना गर्ने तथा मिथिला, थारु, मुस्लिम, मारवाडी, नेवार, मगरसहित विभिन्न संस्कृतिको सांस्कृतिक प्रदर्शनी गर्ने र खानाका विभिन्न परिकारको स्वाद दिइने उद्देश्यले शुरु भएको सो महोत्सवमा १५० स्टल राखिएका छन्।

# राज्जा रानी फिल्मको घुम्ती अभियान सुरु

राजविराज। सप्तरीको लोहजराबाट नेपालमै पहिलो पटक दाइजो प्रथाको कथामा आधारित नेपाली र मैथिली भाषामा निर्माण भएका राज्जा रानी फिल्मको घुम्ती अभियान सुरु भएको छ। भोर नामक सामाजिक संस्थाले सप्तरीको तिरहुत गाउँपालिकाको लोहजारा गाउँबाट सो अभियान सुरु गरिएको संस्थाका अध्यक्ष राजकुमार महतोले जानकारी दिए। मधेशमा व्याप्त दाइजो प्रथाको कथालाई लिएर बनेको फिल्म 'राज्जा रानी' सिनेमा हलको पहुँचबाट टाढा रहेका गाउँहरूमा देखाउने अभियान सुरु गरिएको अध्यक्ष महतोले बताए।

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ।

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको
अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं।
-बेलका नगरलाई स्वच्छ, प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ, कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ।
– सभ्य नागरिक वनौ, वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा




प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका
१ फत्तेपुर हटिया छिर्ने बाटो

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अब तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५२८२१२९१




Complete Mobile & Computer Concern



extra easy zone for excellent service in electrics, education & entertainment



Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com